नेपाल सरकार
गृह मन्त्रालय
(बढुवा समितिको सचिवालय)

विषय:- सूचना ।

सशस्त्र प्रहरी सेवा, साधारण समूह, साधारण उपसमूहमा केही रिक्त रहेका सशस्त्र प्रहरी नायब महानिरीक्षक पदमा सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ९ को उपनियम (१) को (क) बमोजिम बढुवाद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले साधारण समूह, साधारण उपसमूहतर्फका ऐ. नियमावलीको नियम ४० बमोजिम बढुवाका सम्भाव्य उम्मेदवार रहेका सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकहरुले आफूले प्राप्त गरेको शैक्षिक योग्यता लगायत बढुवा प्रयोजनार्थ आवश्यक पर्ने प्रमाण-पत्रका प्रतिलिपिहरु संलग्न गरी ऐ. नियमावलीको नियम ५१ सँग सम्बन्धित अनुसूची - १३ बमोजिमको मूल्याङ्कन फाराम भरी यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र श्री गृह मन्त्रालय, बढुवा समितिको सचिवालयमा पेश गर्न हुन बढुवा समितिको मिति २०७९/१०/१५ गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

(नारायणदत्त पौडेल)
सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक
सदस्य सचिव, बढुवा समिति